# कागेश्वरी मनोहरा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### दाँछी, काठमाडौं

### बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०७८/७९

## प्रेस विज्ञप्ति

मिति २०७९ साल अषाढ १० गते यस कागेश्वरी मनोहरा नगरपालिकाको नगरसभाको छैटौं अधिवेशन प्रारम्भ भयो। नगर अधिवेशनको बैठकमा आर्थिक वर्ष २०७९।८० को नीति कार्यक्रम तथा बजेट (आय व्यय विवरण) नगरसभा समक्ष पेश गरियो। नगर प्रमुखको अध्यक्षतामा बसेको बैठकमा नगरसभा सदस्य एवं वडा नं १ का वडा अध्यक्ष श्री मकुन्द प्रसाद गजुरेलले आ.ब. २०७९।८० का लागि कुल २ अर्ब ७ करोड ७० लाख ७४ हजारको अनुमानित आय व्यय विवरण पेश गर्नु भएको थियो।

यस अघि नगर सभा अधिवेशनको उद्घाटन सत्रमा सभा अध्यक्ष एवं नगर प्रमुख श्री उपेन्द्र कार्कीले नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम सार्वजनिक गर्नु भएको थियो। नीति कार्यक्रम तथा बजेटमा सामाजिक क्षेत्र (शिक्षा, स्वास्थ्य, खानेपानी,) व्यवस्थित शहरी विकास सहितको भौतिक पूर्वाधार, नगरपालिकालाई खेलकुद नगरको रुपमा विकास गर्ने योजनाका साथै जेष्ठ नागरिकलाई घर दैलोमा निशुल्क स्वास्थ्य उपचार सेवा र विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिईएको छ। नगर अधिवेशन बैठकमा विधेयक समितिका संयोजक एवं वडा नं ७ का वडा अध्यक्ष श्री भिमसेन थापाले नगरपालिकाको खानेपानी तथा सरसफाई विधेयक,२०७९ र नगर शिक्षा ऐन, पहिलो संशोधन विधेयक,२०७९ समेत पेश गर्नु भएको थियो।

नगर सभा अधिवेशनको उद्घाटन सत्र कार्यक्रमका प्रमुख अतिथीको रुपमा पूर्व गृहराज्यमन्त्री, संविधान सभा सदस्य एवं वागमती प्रदेश सभा नेपाली कांग्रेस संसदीय दलको नेता श्री ईन्द्र बहादुर बानिया र विशिष्ट अतिथीको रुपमा संविधान सभा सदस्य एवं बागमती प्रदेश सभा सदस्य रामेश्वर फुयाल, संविधान सभा सदस्य दिपक प्रसाद कुईकेल तथा बागमती प्रदेश सभा सदस्य मणिराम फुयालका साथै अतिथीको रुपमा विभिन्न राजनितिक दलका प्रतिनिधिहरुले शुभकामना मन्तव्य राख्नु भएको थियो। कार्यक्रममा प्रमुख अतिथी विशिष्ट अतिथी तथा अतिथी महानुभावहरुलाई नगर उपप्रमुख श्री शान्ता थापाले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

मितिः २०७९।३।१०

भोज राज घिमिरे

प्रमुख प्रशासकीय अधिकृत